**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड:०३ संख्या: ०४ .मिति: २०७७/०३ /२९

**भाग-१**

**विराटनगर महानगरपालिका**

## विनियोजन ऐन, २०७७

# विराटनगर महानगरपालिकाको छैठौ नगर सभावाट पारित विनियोजन ऐन २०७७

**विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यक्रमको लागी स्थानीयसञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः२०७७।०३।१४

**प्रस्तावनाः**

**विराटनगर महा**नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिमनगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः**

**(१)**यस ऐनको नाम“**विराटनगर महा**नगरपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ।

(२) यो ऐनतुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७७।०७८को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**ः

(१)आर्थिकवर्ष २०७७।०७८ को निमित्तनगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लिखितचालू खर्च, पुजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४,०७,३०,०७,०००(अक्षेरुपी रु. चारअर्व सात करोड तिस लाख सात हजाररुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**

**(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८ को निमित्तमहानगरपालिकोनगर कार्यपालिकाको कार्यालयलेगर्ने सेवातथाकार्यहरुको लागिविनियोजन गरिएको छ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिकाको कार्यालय, वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्नसो शीर्षकको जम्मा रकमको २५प्रतिशतमानबढ्ने गरीसार्न तथानिकासा र खर्च जनाउन सकिनेछ।तर पूजीगतखर्च बाट र वित्तीयव्यवस्थाको खच बाट चालु खर्च शिर्षकमा रकम सार्न सकिने छैन।कुनैशीर्षकको जम्मा स्वीकृत रकमको २५प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वाभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाको स्वीकृतिलिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिकाको कार्यालय | १५२८९७१८६० | २,४८४,०३५,१४० | ६,००,००,०००। | ४,०७३,००७,००० |
| | | कुलजम्मा | १५२८९७१८६० | २,४८४,०३५,१४० | ६,००,००,०००। | ४,०७३,००७,००० |

आज्ञाले,

इन्द्रमणि पोखरेल

(प्रमुख प्रशासकीय अधिकृत)